INHURED International has Special Consultative Status with ECOSOC of United Nations.

Rgd. Kath: 467/047/048
Rgd. US: IRC 501 (C)(3)

INHURED

इन्हुरेड इन्टरनेशनल

**INHURED INTERNATIONAL**

International Institute for Human Rights, Environment and Development
institut international des droits de l'personne, de l'environnement et du developpment
*Official Partner*
POPULATION WATCH

PopWatch

# धमेन्द्र तिवारीको जीवन रक्षाकोलागि अपिल

ललितपुर, २०६५ वैशाख २५ गते

बारा जिल्लाको तेलकुवा गाविसस्थित इनरुवा टोल निवासी १८ वर्षीय धमेन्द्र तिवारीलाई २०६५ वैशाख २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी अज्ञात बनाइएको भन्ने समाचारप्रति हाम्रो ध्यानाकर्षण भएको छ ।

पीडित परिवारद्धारा इन्हुरेड हटलाइनमा दिइएको सूचना अनुसार निज तिवारी घरयासी कामको सिलसिलामा जिल्ला विकास समिति बारा परिसरमा पुगेको अवस्थामा सशस्त्र प्रहरीको एक समूहले गिरफ्तार गरी हालसम्म स्थिति अज्ञात रहेको थाहा हुन आएको छ ।

लोकतान्त्रिक वर्तमान परिवेशमा मानव अधिकार एवं कानुनी शासनको सम्मान गर्दै कानुनबमोजिम मात्र कसैलाई गिरफ्तार गरिनुपर्ने कानुनी मान्यता विपरित गिरफ्तार गरिनु मानव अधिकारको गम्भीर उल्लंघन हो भन्ने हाम्रो ठहर छ । तसर्थ, मानव अधिकार एवं कानुनको सम्मान गर्न हामी सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन चाहन्छौं । साथै, निज तिवारीको तत्काल अवस्था सार्वजनिक गरी परिवारजनसँग भेटघाट गराउने वातावरण समेत मिलाउन हामी जोडदार माग गर्दछौं ।

डा. गोपाल कृष्ण सिवाकोटी
अध्यक्ष

GPO Box : 12684, Ktm., Jhamsikhel, Lalitpur-2, Nepal Tel : 977-1-5531896 Fax : 977-1-5547616
Email : info@popwatch.org.np www.inhurednepal.org
Address in US : Office of the UN Representative, 41-42, Elbertson Street, Suite 301, Elmhurst, New York 11377, Tel/Fax : 1-718-4722018